# ब्रिटिस गोर्खा भेटेरन संघ, यूके

# बिधान २००९

# British Gurkhas Veteran Association, UK

## Costitution 2009

दोस्रो संसोधन

१८ अगष्ट २०१९

# ब्रिटिस गोर्खाज भेटेरन संघ यूकेको विधान २००९
# दोस्रो संसोधन २०१९

**प्रस्तावनाः**

नेपालमा आदिमकाल देखी बसोबास गर्दै आएका भेटेरन गोर्खाजहरु नेपालको बिभिन्न क्षेत्रबाट उद्गम भई हाल संयुक्त अधिराज्य यूकेको बिभिन्न क्षेत्रमा बसोबास गरी रहेका छन | भेटेरन गोर्खाजहरुले आफ्नो भाषा, लिपि, सस्कार, संस्कृतीको संरक्षण र सम्बर्द्धन तथा भेटेरन गोर्खाजहरुको समग्र परोपकारी, बिकास एवं आफ्नो क्षेत्र र यूकेको बसोबास गर्ने बिभिन्न समुदाय संग आपसी सहयोग र सामुदायिक सद्भावना अभीबृद्दिका लागि संगठीत भई बिबिध कार्यक्रमहरू आयोजना गर्न एक गैर सरकारी, अविछिन्न उत्तराधिकारवाला, परोपकारी संस्थाको स्थापना तथा संचालनका लागी सन २००९ सालको अगष्ट १८ तारीखका दिन वारवीक्सायर, ननिटन सहरमा सम्पन्न भेलाले स्थापना गरेको "ब्रिटिस गोर्खाज भेटेरन संग, यूके" को विधान २००९ लाई दोस्रो पटक संसोधन गरी लागू गरिएको छ |

## परिछेद-१
## प्रारम्भ

**१) संस्थाको नाम :**

क) यस संस्थाको नाम खस नेपाली भाषामा "ब्रिटिस गोर्खा भेटेरन संघ, यूके"

र अंग्रेजी भाषामा **British Gurkhas Veteran Association, UK** भनिनेछ |

ख) विधान मस्यौदा समितिले प्रस्तुत गरेको बिधान ब्रिटिस गोर्खा भेटेरन संघ, यूकेको प्रथम केन्द्रीय अधिवेशनले पारित गरेपछी तुरून्तै लागू हुनेछ |

ग) **संस्थाको कार्यालय**: यस संस्थाको केन्द्रीय कार्यालय युकेको ननिटन सहरको गोर्खा कर्नर Cotton Road, Nuneaton, CV11 5TJ भवनमा रहनेछ |

घ) **यस संस्थाको कार्यक्षेत्रः** आवश्यकता अनुसार युकेको सवै स्थानहरुमा रहनेछ |

ङ) **संस्थाको प्रकृति :**

१) यो संस्थाले ब्रिटिस गोर्खा भेटेरन सदस्यहरुको हितमा सामाजिक, सांस्कृतिक तथा भााषिक पक्षको सम्पूर्ण कार्यहरु गर्नेछ|

२) यो संस्था सेवामुलक, लोककल्याणकारी तथा गैरनाफामुखी हुनेछ|

३) यो संस्था शान्ती सदभाव तथा आपसी भाइचारा सम्बन्ध कायम गर्नमा समर्पित रहनेछ|

च) **संस्थाको प्रतिबद्दता:** यस संस्थाले युकेको कानुनको अधिनमा रही संस्थाको हितको निमित्त आवश्यक कार्यहरु गर्ने प्रतिबद्दता जाहेर गर्दछ|

छ) **दायरा:** यूकेका जुनसुकै ब्रिटिस गोर्खा भेटेरनहरुले ब्रिटिस गोर्खा भेटेरन संघ, यूकेको दर्शनलाई अपनाउन र अनुशरण गर्न सक्नेछन ।

**२) परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा -**

१) "कानुन" भन्नाले युकेको कानुनलाई जनाउनेछ|

२) "विधान" भन्नाले ब्रिटिस गोर्खा भेटेरन संघ, यूकेको विधान २०१९ लाई बुझ्नु पर्दछ |

३) "संस्था" भन्नाले ब्रिटिस गोर्खा भेटेरन संघ, यूकेलाई बुझ्नु पर्दछ|

४) "विनियम" भन्नाले अधिवेशनले पारित गरी लागु गरेको विनियमलाई बुझ्नु पर्दछ ।

५) "कार्यसमिति" भन्नाले संस्थाको निर्वाचित कार्यसमितिलाई सम्झनु पर्दछ ।

६) सल्लाहकार) समिति भन्नाले विधान बमोजिम गठित सल्लाहकार समितिलाई सम्झनु पर्दछ ।

७) "अध्यक्ष" भन्नाले कार्यसमितिको निर्वाचित अध्यक्षलाई सम्झनु पर्दछ ।

८) "उपाध्यक्ष" भन्नाले कार्यसमितिको निर्वाचित उपाध्यक्षलाई बुझ्नु पर्दछ ।

९) "महासचिव" भन्नाले कार्यसमितिको निर्वाचित महासचिवलाई सम्झनु पर्दछ ।

१०) "सचिव" भन्नाले कार्यसमितिको निर्वाचित सचिवलाई सम्झनु पर्दछ ।

११) "कोषाध्यक्ष" भन्नाले कार्यसमितिको निर्वाचित कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

१२) "सह कोषाध्यक्ष" भन्नाले कार्यसमितीको निर्वाचित सह कोषाध्यक्षलाई जनाउनेछ।

१३) "आजीवन सदस्य" भन्नाले यस संस्थाको आजीवन सदस्यता प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ। १४) "संरक्षक सदस्य" भन्नाले यस संस्थाको संरक्षक सदस्यता प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ।

१५) "अधिवेशन" भन्नाले प्रतेक २ वर्षमा सम्पन्न हुने अधिवेशनलाई जनाउनेछ।

१६) "विषेश अधिवेशन"भन्नाले विषेश परिस्थीतीको सृजना भै आवधिक अधिवेशनको समय अगावै हुने अधिवेशनलाई जनाउनेछ।

१७) "साधारण सभा" भन्नाले संस्थाको प्रत्येक वर्षमा हुने साधारण सभालाई सम्झनु पर्दछ। यसले समय समयमा हुने विशेष साधारण सभालाई समेत जनाउादछ।

१८) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका कार्यकारिणी सदस्यहरु समेतलाई जनाउादछ। १९) "उपसमिति" भन्नाले ब्रिटिस गोर्खा भेटेरन संघ, यूकेको विधान बमोजिम गणन भएका विभिन्न विभागीय समितिलाई सम्झनु पर्दछ।

२०) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस अन्तर्गत बनेको नियम, विनियम वा आदेश वा साधारण सभाले तोकेको भन्ने जनाउादछ।

**३) संस्थाको चिन्ह र छाप :**

१) संस्थाको आफ्नो छुट्टै चिन्ह र छाप हुनेछ जो अनुसूची १ अनुसार हुनेछ।

२) गोलाकार घेरा बाहीर जौको बाला सहित मुकुट र गोलाकार घेरा भित्र अंग्रेजी भाषामा British GurkhaVeteran Association तथा मध्य भागमा रातो रंग भित्र खुकुरी क्रस, स्थापना मिति २१ मै २००९ सहित रहने गरी केन्द्रीय समितिले तयार गरेको छाप संस्थाको आधिकारिक छाप हुनेछ।

**४) संस्थाको झण्डाः**

१) पृष्ट भूमि गाढा हरियो र त्यसको मध्य भागमा संघको छाप रहेको हुनेछ र यो अनुसूची २ अनुसार रहनेछ|

**५) संस्थाको प्रमाण पत्र :**

संस्थाको प्रमाण पत्र ए४ आकारमा अनुसूची ३ अनुसारको हुनेछ|

**६) संस्थाको लेटर प्याडः**

संस्थाको लेटर प्याड ए४ आकारमा अनुसूची ४ अनुसारको हुनेछ|

**७) संस्थाको सदस्यता फारम :**

संस्थाको सदस्यता फारम ए४ आकारमा अनुसूची ५ अनुसारको हुनेछ|

**८) संस्थाको रसिद**

संस्थाको रसिद ए४ आकाराको १/३ या केही ठूलो सानो आकारमा अनुसूची ६ अनुसारको हुनेछ|

## परिच्छेद - २
## उदेश्यहरू

**९) संस्थाका उदेश्यहरू:**

१. सदस्यहरुको जनकल्याण, सहयोग, समर्थन र संबन्धमा कामहरु गर्ने |

२. उदेस्य, दर्शन, सस्कार, सास्कृतिक र ईतिहासको संरक्षण कामहरु गर्ने |

३. बिभिन्न संघ, सस्था र समुदाय संग आपसी सहयोग र सामुदायिक सद्भावना अभिबृदीका लागी संगठित भई सस्थाले बिबिध कार्यक्रम र अन्तरक्रियाहरुको आयोजना गर्ने |

**१०) संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाको उपरोक्त उदेश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ|

१) संस्थाले प्रचलित युकेको कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र उपरोक्त उदेश्यहरु कार्यान्वयन गर्नेछ|

२) संस्थालाई आवश्यक पर्ने कार्यालय भवनहरु भाडामा वा लिजमा लिने, कम्प्युटर, प्रिन्ट, टेलिफोन, टिभी, फ्याक्स आदि जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्नेछ|

३) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनका सेवा र शर्तहरु निर्धारण गर्नेछ|

४) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ|

५) संस्थाले आफ्नो नामबाट चल अचल सम्पत्ति प्राप्त गर्ने भोग गर्ने, बेच बिखन गर्ने तथा संस्थाको हितका लागि आवश्यक परेमा संस्थाको अस्तित्वमा असर नपर्ने गरी धितो वा बन्धक दिन वा लिन सक्नेछ| यसले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ|

६) संस्थाको कार्यालय संचालन र निर्माण गर्न व्यक्तिगत तथा संस्थागत रुपमा प्राप्त हुने जून सुकै वस्तुको अनुदान स्विकार गर्ने साथै आवश्यकता अनुसार कार्यालय भवन निर्माणार्थ जग्गा समेत खरिद गर्न सक्नेछ|

७. अध्यक्ष निर्णयमा कार्यालय संचालन र अन्य मसलन्द खर्चको निमित एक वर्ष भित्रमा अधिक्तम £५०० सस्थाको कोशबाट निकासा गरी सस्था संचालन गर्न सक्नेछ |

## परिच्छेद - ३
## सदस्यता सम्बन्धी व्यवस्था

**११) संस्थाको सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः**

संस्थाको सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता देहाय बमोजिमको हुनेछ|

क) ब्रिटिस सैन्यमा जागीर गरी अवकास प्राप्त भएको |

ख) नैतिक पतन हुने कुनै पनि फौजदारी अभियोगमा अदालतबाट सजाया नपाएको ।

ग) मगज नबिग्रिएको वा नबहुलाएको ।

घ) नेपाली भाषा, लिपी, सैन्य संस्कार तथा सामान्य अध्ययन र ज्ञान भएको ।

**१२) सदस्यता रकम :**

देहायका सदस्यहरुका लागि देहायका रकम निर्धारण गरिएको छ|

क) साधारण सदस्यता शुल्क £१५०

ख) आजीवन सदस्यता शुल्क £३०० (£१५० + £१५० = £३००)

ग) संरक्षक सदस्यता शुल्क £१०००

घ) मानार्थ सदस्यता शुल्क £१५०

**१३) सदस्यता प्राप्त गर्ने विधि :**

देहायका सदस्यहरुका लागि देहायका रकम निर्धारण गरिएको छ|

१) दफा ७ मा उल्लेखित योग्यता पुगेका, संस्थाप्रति आस्थावान सबैले यस कार्यसमितिले तोके बमोजिमको फाराम भरी चालु वर्षको मैई महिना भित्रमा सदस्यताका लागि आवेदन दिन सक्नेछन ।

२) प्राप्त हुन आएका निवेदनहरु प्रति सदस्यता प्रदान गर्ने नगर्ने सम्बन्धमा कार्य समितिको बैठकले छानबीन गरी निर्देशिका अनुसार आवश्यक निर्णाय गर्नेछ|

३) चालु वर्षको जुनसुकै महिनामा सदस्य भएको भएता पनि सोही वर्षको मै अन्तिममा साधारण सदस्यताको अवधि समाप्त हुनेछ|

४. सदस्यहरुले सुरुवाती वर्षको जुन ३० भित्रमा नवीकरण वापत £१० तिरी साधारण सदस्यता नवीकरण गर्नु पर्नेछ|

५) यस संस्थाको साधारण सदस्यता लिएर २ वर्ष भन्दा माथि सदस्यता नवीकरण नगरेका सदस्यहरुले पुनः सदस्यता लिन सक्ने छन| बिगत वर्षको छुट भएको कारण खुलाई सो कारण मंजूर ठहरेमा बाँकी वर्षको शुल्क बुझाइ पुनः सदस्यता लिन सक्नेछन ।

६. नवीकरण नगरिएको वर्ष भित्र सदस्यलाई सस्थाको सुविधा महसूस र आवस्यक परे यस बिधान भित्र उल्लेखनीय गरिएको कुनै पनि सुबिधाहरु पाउने छैन |

७) चालू वर्ष वा सो भन्दा माथिका वर्षहरुमा सदस्यता नवीकरण नगरेका सदस्यहरुलाई सस्थाले निस्कृय सदस्य भनी गणना गरिने छ | उक्त सदस्यलाई माथिका बुदा ५ लागू हुनेछ |

८) उपर्युक्त सदस्यता रकम समयानुसार अधिवेशन तथा साधारण सभाले पारित गरेपछि लागु हुने गरी कार्यसमितिले फेरबदल गरी कार्यान्वयन गर्न सक्नेछ|

**१४) सदस्यताको वर्गिकरण** :

यस संस्थामा निम्न प्रकारका सदस्यहरु रहने छन्-

क) साधारण सदस्य

ख) आजीवन सदस्य

ग) संरक्षक सदस्य

घ) मानार्थ सदस्य

ङ) संस्थापक सदस्य

**क. साधारण सदस्यः** साधारन सदस्यता पाउन दफा ७ बमोजिमको योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिमको रकम भुक्तान गरी कार्यसमितिको बैठकले सदस्यता प्रदान गर्ने निर्णाय गरेपश्चात त्यस्तो व्यक्ति यस संस्थाको साधारण सदस्य हुनेछ|

**ख. आजीवन सदस्यः** यस विधानको पालना गरी यस संस्थाको विकासमा लागि पर्न इच्छुक दफा ७ बमोजिम योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिमको रकम ₤३०० बुझाई आजीवन सदस्य लिन पाउने छन | वा साधारण सदस्य लिएको ₤१५० ऊपर थप ₤१५० थप गरी ₤३०० पुर्याएमा आजीवन सदस्यता प्राप्त गर्नेछन ।

**ग. संरक्षक सदस्यः** यस संस्थाको एक कार्यकाल समितिमा बसी काम र योगदान गरी सकेर विभिन्न किसिमको कार्यमा सल्लाह, सहयोग एवम् जीवन्तता दिन सदैव क्रियाशील रहने व्यक्तिले तोकिएको रकम भुक्तान गरे पछि संरक्षक सदस्यता प्राप्त गर्न सक्ने छन ।

**घ. मानार्थ सदस्यः** ब्रिटिस सैन्यमा नरहेर पनि यस सस्थाको क्षेत्रमा विशिष्ट योगदान गर्ने कुनै पनि नेपाली तथा गैर नेपाली र यस संस्थाको विकासमा उल्लेखनीय योगदान पुऱ्याउने राष्ट्रिय ख्यातिप्राप्त जुनसुकै देशको नागरिक वा संस्थालाई समितिको निर्णायबाट प्रचलित कानुनको अधीनमा रही मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ| यस्ता सदस्यलाई उमेदवारी, मताधिकारको अधिकार भने रहने छैन ।

**ङ) संस्थापक सदस्य:** यस संस्थाको स्थापनाकालमा संलग्न रहनुभएका समितिका सदस्यहरुलाई संस्थापक सदस्य मानिनेछ| जसको अभिलेख यस बिधानको अंतिम पानामा सुरक्षित राखिनेछ|

**१५) सदस्यता समाप्ति :**

यस संस्थाको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ|

१) मृत्यु भएमा ।

२) आफू कार्यरत समितिमा राजीनामा दिई स्वीकृत भएमा ।

३) संस्थाको सदस्यता त्यागेमा ।

४) संस्थाको विधान बमोजिम सदस्यता नविकरण नगरेमा ।

५) विधानको उदेश्य विपरित हुने कार्यगरेको ठहऱ्याई सम्बन्धित समितिले निष्काशन गरेमा ।

६) संस्थाको आचार संहिता उल्लङ्घन गरेको ठहरि समितीले निस्कासन गरेमा ।

७) आर्थिक अनियमितता गरेको ठहरि समितीले निस्कासन गरेमा ।

८) नियमित सदस्यता शुल्क नतिरेमा ।

९) संघको गोपनियता भंग गरेको ठहरिएमा ।

१०) नैतिक पतनको अभियोग प्रमाणित भएमा ।

११) मानसिक सन्तुलन गुमाएमा ।

१२) संस्थाको सिदान्त र उदेश्यलाई व्यक्तिगत स्वार्थका लागि प्रयोग गरेको ठहरि समितीले निस्कासन गरेमा ।

१३) महाधिवेशनको उपस्थिती ७५% बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव गरी पारित गरेमा ।

१४) कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ती हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेश गर्ने मौका दिनेछ|

## परिच्छेद - ४
## अधिवेशन तथा विषेश अधिवेशन सम्बन्धी व्यवस्था

### १६) अधिवेशनः

१) अधिवेशन यस संस्थाको सर्वोच्च अङ्ग वा निकाय हुनेछ| यस विधान बमोजिम बनेका केन्द्रीय समीतिको सम्पूर्णा पदाधिकारी सदस्यहरु, संस्थापक सदस्यहरु, आजीवन सदस्यहरु, संरक्षक सदस्यहरु, सल्लाहकार र केन्द्रीय समीतले साधारण सदस्यहरुको संख्याको प्रतिशतको आधारमा क्षेत्रगत रुपवाट तोकिएको संख्यामा अधिवेहन प्रतिनिधिहरु रहने छन ।

२) तोकिएको संख्याको साधारण, संस्थापक, आजीवन, संरक्षक सदस्य तथा सल्लाहकारहरुलाई अधिवेशन वा साधारण सभा गर्नेबारे लिखित जानकारी कम्तिमा ३० दिन अघि नै दिइनेछ| विशेष अधिवेशनको लागि कम्तीमा दुई हप्ता अघि नै अधिवेशन हुने स्थान, मिति र समयको जानकारी गराईनेछ|

३) अधिवेशनमा केन्द्रीय कार्यसमितिले आवश्यक महसुश गरे पर्यवेक्षकहरु आमन्त्रित गर्न सक्नेछ| पर्यवेक्षकहरुले निर्वाचनमा उम्मेदवारी र मतदान गर्न पाउने छैन ।

### १७) केन्द्रीय कार्यसमितिको गठन

क) केन्द्रीय कार्यसमितिको गठन अधिवेशनबाट गरिनेछ| केन्द्रीय कार्यसमिति ११ सदस्यीय हुनेछ| अधिवेशनले निम्नानुसारको पदाधिकारी तथा केन्द्रीय सदस्यहरु निर्वाचित तथा मनोनित गर्नेछ|

१) अध्यक्ष- १

२) वरिष्ठ उपाध्यक्ष - १

३) उपाध्यक्ष - १

४) महासचिव -1

५) सचिव - 1

६) कोषाध्यक्ष - 1

७) सह कोषाध्यक्ष -1

**अन्य बिभागीय प्रमुख**

१) प्रोपर्टी सचिव - १

२) फोटो ग्राफर - १

३) स्टाण्डर्ड - २

४) जनसम्पर्क सचिव- १

५) संस्कार तथा सांस्कृतिक सचिव- २

६) स्वास्थ्य सुरक्षा सचिव - १

भौगोलिक हिसावमा अन्य क्षेत्रीय प्रतिनिधी सदस्यहरु खुल्ला प्रतिस्पर्धाबाट निर्वाचित वा मनोनित र ४ जना अध्यक्षको सिफारिशमा केन्द्रीय समितिले मनोनित गर्ने ।

क) केन्द्रीय समितीले केन्द्रीय सदस्यहरुवाट भौगोलिक हिसावमा क्षेत्रीय सचिवहरुको छनौट गर्नेछ |

ख) कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ|

ग) केन्द्रीय कार्यसमितिको बैठक प्रत्येक ६ महिनामा १ पटक हुनेछ र आवश्यकता अनुसार अन्य महिनाहरुमा पनि बैठक बस्न सक्नेछ| समय परिस्थीती हेरी बिधुतीय संजाल आदिबाट पनि वैठक वस्न सकिनेछ|

घ) अधिवेशन हुनुभन्दा अघि नै कुनै कार्यसमितिमा रहेका सदस्यको पद रिक्त हुन आएमा बाकी अवधिको लागि कार्यसमितिका सदस्यहरुको नियुक्ति कार्यसमितिद्वारा गर्न सकिनेछ | कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्यको पद रिक्त भई नियुक्त भएको सदस्यको बााकी कार्यकालसम्मका लागि मात्र हुनेछ|

ङ) केन्द्रीय कार्यसमितिको बैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ| जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनु पर्नेछ| च) केन्द्रीय कार्यसमितिको बैठकमा पदाधिकारी सदस्यहरु स्वयम् उपस्थित हुनुपर्नेछ|

छ) केन्द्रीय कार्यसमितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ| अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरुले वैठकको अध्यक्षता गर्नेछ|

ज) केन्द्रीय कार्यसमितिको बैठकमा बहुमतको निर्णाय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ|

झ) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णायको विवरण छुट्टै किताबमा लेखिराख्नु पर्नेछ र सो निर्णाय विवरण बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नु पर्नेछ|

ञ) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिको निर्णाय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ| तर पछिल्लो वैठकमा अनुमोदन गराउनु पर्नेछ|

च) ब्रिटिस गोर्खा भेटेरन संघ, यूके तथा अन्य संघ सस्था वा सैन्य गतिविधिमा सैन्य र समाज विकासको क्रियाकलापमा कम्तिमा ५ वर्ष सेवा गर्नुभएका महानुभावहरुलाई आवश्यकता अनुसार ल्लाहकारमा केन्द्रीय कार्यसमितिले मनोनयन गर्न सक्नेछ| सल्लाहकारको संख्या आवश्यकता अनुसार ५ देखि १५ जना सम्म राख्न सकिनेछ|

छ) केन्द्रीय कार्यसमीतीको पदाधिकारी तथा विभागीय सचिवहरु रहेको सचिवालयहरु वनाउन सकिनेछ|

ज) प्रतेक आर्थिक वर्षको अन्तिम महिनामा साधारण सभा वस्नु पर्नेछ| साधारण सभाले संस्थाको वार्षिक आर्थिक प्रतिवेदनलाई मूल्याङकन सहित महत्वपूर्ण प्रस्तावहरु पारित गर्नेछ|

## परिच्छेद - ५
## केन्द्रीय कार्यसमितिको क्षेत्राधिकार

### १५) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

### १) अध्यक्ष

क) केन्द्रीय कार्य समिति, सचिवालय बैठक र महाधिवेशनको अध्यक्षता गर्ने ।

ख) निर्णय पारित गर्दा मत बराबरी भएमा निर्णायक मत दिने ।

ग) अधिवेशन र बैठकले पारित गरेका अल्पकालीन एवम् दीर्घकालीन कार्ययोजनाहरू कार्यान्वयन गर्ने ।

घ) अधिवेशन र बैठकहरूमा प्रतिवेदन पेश गर्ने ।

ङ) मातहतका सबै विभागीय सचिव तथा क्षेत्रीय सदस्यहरुलाई प्रभावकारी एवम् क्रियाशील नेतृत्व दिने ।

च) बि.गो.भे. संघको दर्शनको सैदान्तिक पक्ष र वैचारिक पक्षको लागि प्रमुख भूमिका निर्वाह गर्ने ।

**२) उपाध्यक्ष**

क) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

ख) अध्यक्षलाई रचनात्मक सहयोग गर्ने ।

ग) बैठकले तोके अनुसार भूमिका निर्वाह गर्ने ।

**३) महासचिव** :

क) वैठकको सञ्चालन गर्ने ।

ख) केन्द्रीय कार्यसमितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ग) संस्थाको उदेश्य प्राप्तिका लागि सकृय रहने ।

घ) अधिवेशन, साधारण सभा, बैतठक आदिमा एजेण्डा तथा कार्ययोजना तयार गर्ने ।

ङ) अध्यक्षको सल्लाहमा केन्द्रीय समितिको बैठक बोलाउने, परिपत्र, पत्रचार गर्ने ।

च) अध्यक्षसंग परामर्श गरी केन्द्रीय कार्यसमिति र कार्यकारिणी समितिको बैठक बोलाउने, बैठकमा प्रस्तावहरु पेश गर्ने तथा निर्णय राख्ने ।

छ) वार्षिक कार्यक्रम निर्माण तथा बजेट तर्जुमा गर्नका लागि अर्थ सचिवलाई आवश्यक सहयोग तथा परामर्श दिने ।

ज) सचिवहरुवाट प्रगती विवरण लिने र अध्यक्षसंग सरसल्लाह गरि कार्य तर्जुमा गर्ने ।

झ) संस्थाको दैनिक कार्य सम्पादन र सम्पर्कको काम गर्ने/गराउने ।

**४) सचिव** :

क) महा सचिवको अुनपस्थितिमा सचिवको काम, कर्तव्यहरु वहन गर्ने ।

ख) सक्रिय सदस्यता एवम् साधार सदस्यता अभिलेख नियमित गर्ने ।

ग) संस्थाका हरेक बैटकबाट पारित निर्णयहरूको परिपत्र गर्ने ।

घ) अध्यक्ष तथा महासचिवसंग सरसल्लाह गरी सचिवालयलाई चुस्तदुरूस्त बनाइ राख्ने ।

**५) कोषाध्यक्ष :**

क) संस्थाको अर्थ सम्बन्धी नीति तथा कार्यक्रम तय गर्ने ।

ख) आर्थिक नियमावली अनुसार कार्य गर्ने ।

ग) आर्थिक श्रोतको व्यवस्था गर्ने ।

घ) संस्थाको निर्णय बमोजिम तोकिएको शिर्षकमा खर्च गर्ने ।

ङ) संस्थाको आय-व्याय र खर्च रकम नियमित लेखापरीक्षण गराइ प्रतिवेदन तयार गरी बैठकमा प्रस्तुत गर्ने आदि ।

**६) सह कोषाध्यक्ष :**

क) आय-व्यय नियमित र दुरूस्त हिसाब राख्ने ।
ख) अर्थ सचिवको अनुपस्थीतीमा अर्थ सचिवको कार्य गर्ने ।
ग) अर्थ सचिवको कार्यमा सहयोग गर्ने ।

७) प्रचारप्रसार तथा मिडिया सचिव

क) प्रचार प्रसार तथा मिडिया सम्बन्धी कार्य गर्ने ।
ख) प्रतेक कार्यहरुको अभिलेख चुस्त र दुरुस्त राख्ने ।
ग) प्रकाशन सम्बन्धी सम्पुर्ण कार्य गर्ने ।
घ) तोकिएको कार्य गर्ने ।

**७) स्टाण्डर्ड बेएरर :**

क) बि.गो.भे. संघको कार्यक्रमहरुमा स्टाण्डर्ड बेएररको भुमिका खेल्ने ।
ख) यूकेको अन्य क्षेत्रबाट आएको स्टाण्डर्ड बेएररको निमन्त्रणामा सहभागी हुने ।
ग) तोकिएको कार्य गर्ने ।

**८) जनसम्पर्क सचिव:**

क) बिभिन्न संस्थाहरुसंग सम्पर्क गरी संगठनको सम्बन्ध विस्तार गर्ने ।
ख) परस्परको निमंत्रणाहरुमा सम्पर्क निरन्तर राख्ने ।
ग) तोकिएको कार्य गर्ने ।

**९) सांस्कृतिक सचिव:**

क) नेपाल तथा बि.गो.भे. संघ सित संबन्धित संस्कार, संस्कृति सम्वन्धी भुमिका खेल्ने ।
ख) कार्यक्रमको बेला तोकिए बमोजिमको मनोरंजन र बिभिन्न खेलहरुको योजना गर्ने ।
ख) तोकिएको कार्य गर्ने ।

**१०) प्रोपर्टी सचिव :**

क) सस्थाको जिंसी सर समानलाई तोकिएको क्षेत्रमा हिपाजीत राख्ने ।
ख) जिंसी सर समानको लिने दिने र टूटफूटहरुको अभिलेख राख्ने ।
ग) तोकिएको अन्य कार्य गर्ने ।

**११) प्राथमिक उपचार सचिव :**

क) सस्थाको सम्पूर्ण कार्यक्रमा प्राथमिक उपचारको भूमिका निर्वाह गर्ने ।
ख) कार्यक्र भित्र आपतकालीन दुर्घटनाहरु भए एम्बुलेन्सलाई सम्पर्क गर्ने तथा हून गएको र भएको सम्पूर्ण टिप्पणी राख्ने ।
ग) तोकिएको अन्य कार्य गर्ने ।

**१२) फोटोग्राफर :**

क) सस्थाको कार्यक्रमहरुमा तस्बिर फोटोग्राफरको भूमिका निर्वाह गर्ने।

ख) अन्य सस्था सित संबन्धित फोटोहरु लिने ।

ग) तोकिएको अन्य कार्य गर्ने ।

**१३) मिडिया तथा वेब सचिव :**

क) प्रचार प्रसार तथा मिडिया, वेब सम्बन्धी कार्य गर्ने ।

ख) संचारहरुमा प्रतेक कार्यहरुको अभिलेख चुस्त र दुरुस्त राख्ने ।

ग) प्रकाशन सम्बन्धी सम्पुण कार्य गर्ने ।

ग) तोकिएको कार्य गर्ने ।

**१४) क्षेत्रीय सचिव :**

१) आवश्यकता अनुसार १-३ सदस्यीय समीती वनाई तोकिएको कार्य गर्ने ।

२) आआफनो क्षेत्रमा संस्थाको उदेष्य प्राप्तीको लागि कार्य गर्ने गराउने ।

३) आआफनो क्षेत्रको विविध गतिविधीहरु, कार्ययोजना, कार्यक्रमहरुको विवरण केन्द्रीय महासचिवलाई दिने तथा समीतीमा पेश गर्ने ।

**१५) सदस्य :**

क) संस्थाको उदेश्य प्राप्त गर्नका लागि तोकिएको जिम्मेवारी वहन गरी क्रियाशील रहने ।

ख) आफ्नो क्षेत्रमा पर्ने संस्थाका कार्यक्रमहरूमा निरन्तर सक्रिय रही नेतृत्व प्रदान गर्ने ।

ग) संस्थाको उदेश्य प्राप्तीमा प्रचार प्रसार गर्ने गराउने तथा संस्था तथा सदस्य विस्तारमा सदैव जोड दिने दिन लगाउने ।

**१६) सल्लाहकार) समितीको काम कर्तव्य :**

१) संस्थालाई आवश्यक सहयोग, सरसल्लाह र सुझाव प्रदान गर्ने ।

२) बि.गो.भे. संघको सवालमा निष्पक्षको अहम भूमिका प्रदान गर्ने ।

३) सल्लाहकार प्रणालीमा कटिवद्द भै संस्थाको अविभावकको रुपमा कार्य गर्ने ।

**१७) गणपूरक सङ्ख्या :**

कुनै पनि बैठक कूल सदस्य सङ्ख्याको ५१ प्रतिशत उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ| परिस्थीतीवश गणपूरक सङ्ख्या नपुगी बैठक बस्नु परेमा सो बैठकमा एकतिहाई पदाधिकारीलाई गणपूरक सङ्ख्या मानी बैठक बस्न सकिनेछ| तर फोन सम्पर्क/सञ्चार सम्पर्कवाट सहमती लिईनेछ| पारित प्रस्तावहरु अर्को वैठकमा अनुमोदन गर्नु पर्ने छ|

## परिच्छेद - ६

## समितिको काम, कर्तव्य र अधिकार

**१७) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको विधानमा उल्लेखित उदेश्य प्राप्तिको लागि काम गर्ने ।

२) अधिवेशन, साधारण सभा, केन्द्रीय समितिको बैठक र सचिवालयले पारित गरेका नीति, कार्यक्रम, योजना तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

३) केन्द्रीय सल्लाहकारहरूको नियुक्ति गर्ने ।

४) रिक्त पदहरूको पूर्ति गर्ने ।

५) सक्रिय सदस्यको कार्य विभाजन गरी जिम्मेवारी तोक्ने ।

६) मातहतका समिति एवम् सङ्गठनबाट परेका निवेदन उपर छानबिन गरी निर्णय दिने ।

७) विधान र घोषणा पत्रको अन्तिम परिभाषा र व्याख्या गर्ने र सोही बमोजिम कार्यक्रमहरूको कार्यान्वयन गर्ने ।

८) अन्य संस्थाहरूसगको सम्बन्धन परिभाषित गर्ने ।

९) संस्थाका आधिकारीक विगप्ती तथा मुखपत्रहरू प्रकाशन गर्ने ।

१०) विधान अर्न्तगत रही नियम र विनियमहरू बनाई लागू गर्ने ।

११) विधान अर्न्तगत रही आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने ।

१२) विधानतः सदस्यता वितरण गर्ने गराउने ।

## परिच्छेद - ७

## संस्थाको आर्थिक कोष र स्रोत :

१८) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ, सो कोषमा देहाय बमोजिम प्राप्त रकम रहनेछ|

१) यसमा सदस्यता प्रवेश शुल्क, सदस्यता शुल्क ।

२) संस्थालाई प्राप्त अनुदान, स्वेच्छिक सहयोग ।

३) प्रकाशन तथा उत्पादनका सामग्रीहरु बिक्री वापत जम्मा हुने रकम ।

४) आयमुलक कुनै साांकृतिक कार्यक्रमहरूबाट जम्मा हुने रकम ।

५) युके सरकार, विभिन्न राष्टिय तथा अन्तराष्ट्रिय, सार्वजनिक तथा निजी संघ संस्था एवम व्यक्तिहरुबाट प्राप्त हुने अनुदान, जिन्सी वा आर्थिक सहयोग रकम ।

६) संस्थाको चल-अचल सम्पत्ति बिक्री वा लिलामबाट प्राप्त रकम ।

७) फल्याट अफिस अनुदान ।

८) कुनै फिल्म, डकुमेन्ट्री, कार्यकम विषेश आदिको च्यारिटी शोबाट प्राप्त रकम । ९) प्रकाशन बिक्रीबाट प्राप्त रकम ।

१०) विशेष विविध आर्थिक अभियानबाट तथा हितकारी कार्यक्रमहरुवात प्राप्त रकम ।

११) संस्थाका पदाधिकारी, सदस्य, सल्लाहकार तथा कर्मचारीहरुबाट संस्थाको दीगो आर्थिक कोषमा प्राप्त हुन आएको रकम ।

१२) कुनै अन्य संस्थाहरुद्वारा आयोजित कार्यक्रमहरुवाट प्राप्त रकम

१३) कुनै च्यारिटीहरुवाट प्राप्त हुने रकम ।

### १८) खाता सञ्चालन :

१) संस्थाको नाममा बैंक खाता खोली रकम जम्मा गरिनेछ| बैंक खातामा अध्यक्ष, महासचिव र अर्थ सचिवको संयुक्त हस्ताक्षर रहनेछ| आर्थिक कारोबार गर्दा खाता सञ्चालकहरू मध्ये कुनै दुईको हस्ताक्षर अनिवार्य हुनु पर्नेछ|

२) संस्थाको कोष तथा खाताको रकम प्रचलित ऐन नियम बमोजिम खर्च गर्न तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरिनेछ|

### १९) संस्थाको लेखा परीक्षण :

१) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ|

२) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षक (अडिटर) बाट हुनेछ ।

३) युके सरकार वा स्थानीय निकायबाट कुनै पनि बेला संस्थाको आय व्यय अभिलेखको जााच हुन सक्ने ।
४) लेखा परीक्षकको छनौट वैठकबाट हुनेछ तर लेखा परीक्षण प्रतिवेदन, नवीकरण लगायतका अन्य कागजात वार्षिक रुपमा पेस गर्नु पर्नेछ।

## परिच्छेद - ८
## निर्वाचन

### २०) निर्वाचन सम्बन्धी व्यवस्था :

१) निर्वाचन मण्डलः

क) बि. गो. भए. संघ युके कार्यसमितिले निर्वाचनको लागि ५ सदस्यीय निर्वाचन मण्डल गठन गर्नेछ| जसमध्ये एक जनालाई प्रमुख तोकिनेछ| यसमा २ जना सदस्यहरुबाट र अन्य सल्लाहकारबाट हुनुपर्नेछ|
ख) निर्वाचन मण्डलको काम, कर्तव्य र अधिकार विनियममा तोकिए बमोजिम हुनेछ|
ग) सामान्यतया कार्यसमितिको कार्यकाल समाप्त हुनुभन्दा एक महिना भित्रै नया कार्यसमितिको निर्वाचन सम्पन्न गरिनेछ|
२) निर्वाचन विधिः
क) कार्यकारिणाी समितिको निर्वाचन सक्रिय सदस्य अधिवेशन प्रतिनिधिहरुको भोट वा बहुमतद्वारा हुनेछ|
ख) निर्वाचनमा उम्मेदवारी दिन चाहने व्यक्ति सस्थामा एक कार्यकाल गरेको वा अधिवेशनको प्रतिनिधि गरी सकेको हुनु पर्नेछ| तोकिएको ढाचामा निवेदन दिनु पर्नेछ|
ग) मतदान गर्ने अधिकार सक्रिय सदस्य र प्रतिनिधिलाई मात्र प्राप्त हुनेछ|
घ) कार्यकारिणी समितिका पदाधिकारीहरुको निर्वाचनमा कुनै पदमा उम्मेदवारले बराबरी मत प्राप्त गरेको खण्डमा अधिवेशनको प्रतिनिधीहरुको गोप्य मतदानद्वारा वा पूर्ण सदस्य र प्रतिनिधिको मत गरेर निर्वाचन हुनेछ ।
ङ) निर्वाचन सम्बन्धी कुनै विवाद उत्पन्न भएमा निर्वाचन मण्डलको निर्णय अन्तिम हुनेछ |
च) निर्वाचन परिणाम घोषणा भए पछि स्वतः निर्वाचन मण्डल बिगठन भएको मानिनेछ |

**२१) राजीनामा :**

१) कार्यकारी समितिका सदस्य र अन्य पदाधिकारीले कारण खुलाइ सम्बन्धित समितिको अध्यक्ष समक्ष राजीनामा दिनु पर्नेछ|

२) अध्यक्षले राजीनामा दिनुपर्दा केन्द्रीय कार्यसमिति समक्ष पेश गर्नुपर्नेछ|

३) सदस्य र अन्य पदाधिकारीको राजीनामा समितीको वहुमतदवारा पारित गरी अध्यक्षले स्विकृत गर्नेछ|

४) अध्यक्षको राजीनामा केन्द्रीय कार्यसमितिको वैठकवाट स्विकृत गर्नु पर्नेछ|

**२२) पदरिक्तता :**

पदरिक्तता भन्नाले परिच्छेद ३ को उपदफा ९ को सदस्यता समाप्तिलाई बुझिनेछ|

**२३) कार्वाही** :

कुनैपनि स्तरका समिति एवम् सदस्यहरूले विधान र समितिको निर्णय विपरित वा आफ़्नो जिम्मेवारी निर्धारित समयावधीमा सम्पन्न नगरेमा त्यस्ता पदाधिकारी वा सदस्यलाई सम्बन्धित समितिले कार्यवाही गर्न सक्नेछ|

**२४) कार्वाही प्रक्रिया :**

कारवाही गर्दा निम्न अनुसारको प्रक्रिया अपनाइने छ|

१) लिखित स्पष्टीकरणको माग गर्ने ।

२) संस्थागत आलोचना, चेतावनी, नसिहत दिने ।

३) पदबाट हटाउने ।

४) सदस्यबाट ६-१२ महिनासम्म निलम्बन गर्ने। त्यस पछि कार्य समितिले पूनरावलोकन गर्ने ।

५) साधारण सदस्यताबाट समेत हटाउने ।

६) सदस्यताबाट निलम्बित वा निष्काशित हुन अगाडि स्पष्टीकरण दिन पाउने अधिकार सम्बन्धित सदस्यको सुरक्षित हुनेछ|

**२५) कार्वाही फुकुवा :**

कार्वाहीमा परेका पदाधिकारी एवम् सदस्यहरूलाई निजको क्रियाकलाप सन्तोषजनक लागेमा सम्बन्धित समितिले कारवाही फुकुवा गरि साधारण सदस्यमा रहन सक्नेछ|

**२६) पदपूर्ति :**

कुनै कारणवस पद रिक्त हुन आएमा कार्य समितीको नियमित बैठकले पद रिक्त भएको ३ महिनाभित्र पदपूर्तिको निर्णय गर्न सक्नेछ|

**२७) अविश्वासको प्रस्ताव :**

१) कार्यसमितिको कुनै पनि पदाधिकारी एवम् सदस्यहरूले संस्थाको विधान, नीति तथा कार्यक्रम विपरित कार्य गरेको प्रमाण फेला परेमा वा कार्यसमितिका २५ प्रतिशत सदस्यहरूले विश्वास छैन भनि लिखित रूपमा अविश्वासको प्रस्ताव सम्बन्धित समितिमा पेश गरेमा र कार्यसमितिको नियमित अधवेशन नहुने अवस्था रहेमा १५ दिनको म्याद दिई विशेष अधिवेशन बोलाइ उक्त प्रस्ताव पेश गर्नु पर्नेछ|

२) यसरी उपनियम (१) बमोजिम पेश भएको प्रस्तावलाई अधिवेशनको उपस्थित प्रतिनिधि संख्याको दुई तिहाइ सदस्यहरुबाट निर्णय भएमा उक्त पदाधिकारी आफ्नो पदबाट स्वतः हटेको मानिनेछ| तर आरोपित पदाधिकारी वा सदस्यहरुलाई स्पष्टीकरण पेश गर्न सात दिनको मौका प्रदान गरिनेछ|

३) जुन पदाधिकारी उपर अविश्वासको प्रस्ताव ल्याइएको छ सो व्यक्तिले सो प्रस्तावसग सम्बन्धित छलफल र निर्णय गर्ने सभाको अध्यक्षता ग्रहण गर्न वा मतदानमा भाग लिन पाउने छैन ।

४) आरोपित पदाधिकारी उपरको कार्यवाहीको सम्बन्धमा अध्ययन गरी सिफारिस गर्न छट्टै उपसमिति गठन गर्न सकिनेछ| उपसमितिले पेश गरेको प्रतिवेदनको आधारमा निर्णय गर्ने अन्तिम अधिकार अधिवेशनमा नै नीहित हुनेछ|

**५**) कुनै पनि समितिका सदस्य वा पदाधिकारी समितिको बैठकमा लगातार विना कुनै जानकारी तीनपल्ट सम्म बैठकमा अनुपस्थित रहेमा स्वतः पदमुक्त भएको मानिनेछ|

## परिच्छेद - ९

## आचार संहिता

**२८) आचार संहिता :** केन्द्रीय कार्यसमितिले आचारसंहिता निर्माण गरी लागू गर्नेछ| आचार संहिता कडाईका साथ लागू गरी पालना गर्नु पर्नेछ| आचारसंहिता उल्लघन गर्ने जोकोही पदाधिकारी एवम् सदस्यहरूलाई विधान एवम् आचार संहिताको मान्यता अनुसार निलम्बन वा निष्काशनको कार्वाही गर्न सकिनेछ|

**२९) विधान संशोधन :**

१) यस विधानको कुनै अंश वा सम्पूर्ण विधानलाई संशोधन गर्न आवश्यक छ भनी कार्यसमितिका बहुमत सदस्यहरुलाई लागेमा कार्यसमितिका कुनै एक पदाधिकारीको संयोजकत्वमा अन्य सदस्यहरु समेत रहने गरी एक विधान संशोधन उपसमिति गठन गरिनेछ|

२) उक्त उपसमितिले आवश्यकता अनुसार कार्यसमिति, साधारण, संस्थापक सदस्य, आजीवन, सल्लाहकार, संरक्षक सदस्यहरु लगायत अन्य बुद्दिजीवीहरु, कानुनविदहरु समेतसाग परामर्श तथा सुझाव संकलन गरी मस्यौदा विधान तयार गरी कार्यसमितिमा पेश गर्नेछ|

३) विधान संशोधन मस्यौदा उपसमितिबाट प्रस्तुत विधान कार्यसमितिमा छलफल गरी अधिवेशनमा आवश्यक छलफल र निर्णयका लागि पेश गरिनेछ|

४) संशोधित विधानको अंश वा पूरै विधानलाई अधिवेशनको दुई तिहाइ बहुमतबाट पास गरेपछि मात्र सो दफा संशोधन भएको मानिनेछ|

**३०) विषयगत समितिहरु बनाउने अधिकार :** संस्थाको लक्ष्य र उदेश्य प्राप्तिका लागि केन्द्रीय कार्यसमितिको मातहतमा शाखाको रुपमा रहनेगरी विषयगत समितिहरू गठन गरी सञ्चालन गर्न सकिनेछ| जस्तैः युवा क्लब, आमा समूह आदि ।

**३१) विनियमावली तथा निर्देशिका बनाउने अधिकार** :

१) संस्थाको लक्ष्य र उदेश्य प्राप्तिका लागि विधानसग नबाझिने गरी विषयगत समितिहरू सञ्चालनका लागि विनियमहरू तथा निर्देशिकाहरु केन्द्रीय समितिले निर्माणगरी जारी गर्न सक्नेछ|

२) यो विधान तथा प्रचलित कानूनको अधिनमा रही कार्य समितिले यस विधानको उदेश्य पूरा गर्न आवश्यक विनियमावली (आर्थिक प्रशासन, कर्मचारी प्रशासन आदि) तथा निर्देशिकाहरु (कार्यक्रम सञ्चालन आदि) बनाइ लागू गर्न सक्नेछ|

३) त्यस्ता वीनियम तथा निर्देशिकाहरु अधिवेशनको बहुमतबाट पारित भएपछि लागू हुनेछ|

**३२) विधानको व्याख्या एवम् बाधा अड्चन फुकाउ** : संस्थासग सम्बन्धित विधान एवम् विनियमहरुको व्याख्या केन्द्रीय समितिले गर्ने छ| साथै यी विषयसाग सम्बन्धित बाधा अड्काउ परेमा त्यसको समाधान गर्ने अधिकार केन्द्रीय समितिलाई नै हुनेछ|

**३३) पर्यवेक्षक** : अधिवेशनमा पर्यवेक्षकहरूले सम्बन्धित समितिले तोके अनुसार भाग लिन पाउनेछन् तर पर्यवेक्षकले कुनै पनि पदमा उम्मेद्वारी वा भोट दिन पाउने छैन ।

**३४) विषेशाधिकार** : कुनै पनि पदाधिकारी एवम् समितिहरूले विषेशाधिकार प्रयोग गर्न सक्ने छैन तर संस्थाको हितका लागि आवश्यक देखिएमा केन्द्रीय समितिले विशेष निर्णाय गरी विधान वा सोसरहको नियम बनाई जारी गर्न सक्नेछ|

## परिच्छेद - १०

**३५) सूचना प्रवाह** :

१) केन्द्रीय पदाधिकारी तथा अन्य सम्वन्धित व्यक्तिहरूलाई महत्वपूर्ण कार्यक्रमका लागि आउन-जान परेमा औपचारिक सूचना प्रवाह गर्नु पर्दछ|

२) क्षेत्रीय समितिहरूले गरेका निर्णयहरु, कार्यक्रमहरु आदिको जानकारी गराउने तथा प्रतिवेदन, पोष्ट तथा सबैखालको प्रचारसामग्रीहरू अविलम्ब केन्द्रीय समितिमा पठाउनु पर्नेछ|

३) सबै तिरबाट आएको सञ्चारले सम्बन्धित विभागले सचिवालयको बैठक वा केन्द्रीय समितिको बैठकमा प्रस्तुत गरी निर्णय प्रक्रियाको छलफलमा लगिनेछ|

**३६) संस्था खारेजी** :

१) आवश्यक मानिएमा अधिवेशमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ |

२) यसरी वा जुनसुकै कारणले संस्था खारेजी भएमा संस्थाको सम्पूर्ण सम्पत्ति च्यारिटेवल संस्था तथा युके सरकारलाई हस्तान्तरण गरिनेछ|

**३७) संस्थाको चल अचल सम्पत्ति** : संस्थाले आफ्नो चल अचल सम्पत्ति खरिद बिक्री गर्न सक्नेछ| बिक्री गर्दा अधिवेशनबाट पारित गराइ बिक्री गर्न सकिनेछ|

**३८) ऐन अनुसार हुने :**

१) यस विधानमा उल्लेख भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ| संस्था दर्ता ऐन नियम र प्रचलित कानून संग बाझिन गएका बुदाहरु स्वतः निष्क्रिय हुनेछन् ।

२) स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ|

**३९) समय सीमा :**

१) अधिवेशन, साधारण सभा, बैठक, छलफल र अन्तरक्रियाबाट निर्णय भई निश्चित समय भित्र सो कार्यक्रम गर्ने भनि तोकिएमा सम्बन्धित निकायले अविलम्ब प्राथमिकताका साथ निश्चित समयावधिभित्र सम्पन्न गर्नुपर्ने छ|

२) पदाधिकारी र सदस्यहरूले आफ्नो जिम्मेवारी निर्धारित समयावधिभित्र सम्पन्न हुन नसक्ने अवस्था देखिएमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराई सो कार्यको निकासा दिनु पर्दछ|

३) जिम्मेवारी पाएका पदाधिकारी एवम् सदस्यहरूले आफ्नो जिम्मेवारी निर्धारित समयमा सम्पन्न नगरी वा बेवास्ता गरी संस्थाको कार्य योजनामा नै असर परेमा सो समितिको नेतृत्वलाई र समितिलाई केन्द्रीय समितिले विधान अनुरूप कार्यवाही गर्न सक्नेछ|

**४०) शपथ ग्रहण :** निर्वाचित कार्यसमितिको पदाधिकारी सदस्यहरुलाई निर्वाचन मण्डलको अध्यक्ष, वरिष्ठ सल्लाहकार अथवा उपस्थितीको जेष्ठ नागरिकले सपथ ग्रहणको ब्याहोरा पढ़ि सपथ गराउनु पर्नेछ|

## शपथग्रहणको व्यहोरा :

म..............................ब्रिटिस गोर्खा भेटेरन संघ यूकेको....................पदमा निर्वाचित भएकोमा म सस्थाको विधान र झण्डा मुनि बसी ईस्वरलाई साक्षी राखेर यो शपथ खान्छु । म आफ्नो सस्थाको संस्कार, संस्कृतिहरूको संरक्षण, सम्बर्दन, पुनरूत्थान र विकासका निमित्त कार्यरत ब्रिटिस गोर्खा भेटेरन संघ यूकेको लक्ष्य, उदेश्य हासिल गर्न यसको विधानमा व्यवस्था गरिए अनुसारको अनुशासनको दायरा भित्र रही इमान्दारी र बफादारीपूर्वक क्रियाशील रहनेछु । संस्थाको अनुशासन, सैदान्तिक मूल्य-मान्यता र नीति तथा उदेश्यका विरूदमा कही कतै, कहिल्यै विश्वासघात र धोका गर्ने छैन साथै कर्तव्यविमुख हुने छैन । संस्थाको शान, मान र प्रतिष्ठालाई दुरूपयोग गरी व्यक्तिगत स्वार्थपूर्ति गर्ने क्रियाकलाप र चरित्र कहिल्यै प्रदर्शन गर्ने छैन । जस्तो सुकै कठिन र जोखिमपूर्ण परिस्थितिमा पनि संस्थाको गोपनियता भङ्ग गर्ने छैन । संस्थाको उदेश्य प्राप्ति र सफलताका लागि जस्तोसुकै कठोर समस्याहरूसंग लड्न र आवश्यक परेमा आत्म बलिदान दिन समेत पछि पर्ने छैन भनी प्रण गर्दछु ।

जय बि.गो.भे. संघ, यूके ।

नाम: .......................................                    मिती.................................

सही.........................................

# अनुसूची-१
## संस्थाको चिन्ह र छाप

# अनुसूची -२
# संस्थाको झण्डा



# अनुसूची -३
# संस्थाको लेटरप्याड

British Gurkha Veterans Association
24 Cotton Road
Nuneaton
CV11 5TJ

Telephone:
President: Mr Om Gurung MBE - 07971 286868
General Sectrary: Capt Bhim Saru - 07411 943157

---

Reference: ……………………

Date: ……………………………

---

**President**
Mr Om Gurung MBE
Signature:……………………………
Date:…………………………………

**General Secretary**
Capt Bhim Saru
Signature:…………………
Date:…………………………

# अनुसूची-४
# संस्थाको प्रमाण पत्र

## *Certificate of Achievement*

This certificate is awarded to

.............................................

in recognition of his/her outstanding support
to
The British Gurkha Veterans Association.

Date:...............

| | | |
|---|---|---|
| Mr Om Gurung MBE<br>President<br>BGVA | Capt Bhim Saru<br>General Secretary<br>BGVA | Mr Balaram Gurung<br>Treasurer<br>BGVA |

# अनुसूची -५
# संस्थाको रसिद

Ser No: ................Date:...........................

Membership No: ...............

Mr/Mrs:............... ..........................currently residing at address.................................... has paid the yearly subscription for year................in BGVA account on dated .....................................

Thank you!

**Signature**:

Member: ....................................................

Treasurer:.................................................

---

Ser No: ...............................Date:.........................................

Membership No: ...............

Mr/Mrs:.............. .....................................currently residing at address................................................. has paid the yearly subscription for year............... in BGVA account on dated .......................................

Thank you!

**Signature**:

Member: ..................................................

Treasurer:.................................................

# अनुसूची -६
# संस्थाको सदस्यता फारम

### THE BRITISH GURKHA VETERANS ASSOCIATION

| | | | | |
|---|---|---|---|---|
| **Membership Number** | | | **Date** | |

| | | | | |
|---|---|---|---|---|
| **Service Number** | | | **Next of Kin Details** | |
| **Name** | | | **Name** | |
| **Date of Birth** | | | **Date of Birth** | |

| | |
|---|---|
| **Regiment** | |

| | | | |
|---|---|---|---|
| **Current Address** | | **Contact Detail in Nepal** | |
| | | | |
| **Phone Number** | | **Phone Number** | |
| **Email** | | | |

**Membership Fee** £150.00

I undersigned, have no objection to the above information being used within the British Gurkha Veterans Association.

**Name:** ............................................

**Signature:** ......................................

| **Signature** | | |
|---|---|---|
| **President** | **Gen Secretary** | **Treasurer** |
| | | |

## अनुसूची -७
## सदस्यता परिचय पत्र



## अनुसूची - ८
## सस्थापक नामावली

**President: Mr Om Gurung MBE**
**Vice presidet: Mr Narbir Loksam**
**Secretary: Mr Debendra Maden**
**Tresaure: Mr Giri Limbu**
**Assitance tresaure: Mr Tika Rai**

**Committe members:**

**1. Mr Bhim limbu 2. Mr Tham Gurung 3. Mr Chandra Bhujel 4. Mr Krishna Gurung 5. Mr Gajendra Lawati**

**Advisor**

**1. S/ advisor: Maj Shri prasad Gurung 2. Maj Padam Gurung MVO 3. Capt Bakhat bahadur Gurung 4. Mr Lalbahadur Gurung 5. Mr Norbahadur Gurung 6. Mr Tularm Gurung**

## अनुसूची - ९
## पदाधिकारी
## २०१९- २०२१

**अध्यक्ष**

ओम प्रकाश गुरुङ (MBE)

**वरिष्ठ उपाध्यक्ष**

दिलसीङ लिम्बू

**उपाध्यक्ष**

धर्म राई (जोन)

**महा सचिव**

क्या. भीम सरु

**सचिव**

तुला गुरुङ

**कोषाध्यक्ष**

बलराम गुरुङ

**सह कोषध्यक्ष**

आत्मा दिल राई

## विधान संसोधन समिती -२०१९

संयोजक - दिलसिङ लिम्बू

संयोजक सदस्य - ओम प्रकाश गुरुङ MBE

संयोजक सदस्य - क्या. भीम सारू

समाप्त ॥